जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

सबै क्षेत्रको प्रबर्द्धनको गुरु

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:- ९८२४८७७६२७
Gmail :- Jaleshwortoday@gmail.com

बर्ष १३ • अंक २८० • २०८३ श्रावण १४ गते विहिवार • 30 Jul. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-


## सुनसरी घटनाको विरोधमा काठमाडौंमा प्रदर्शन, सरकारलाई २४ घण्टे अल्टिमेटम

### माग सम्बोधन नभए राष्ट्रिय एकता दलका अध्यक्ष यादव बिहिवारदेखि आमरण अनशनमा बस्ने घोषणा

**जलेश्वरटुडे समाचारदाता**
**काठमाडौं, १३ श्रावण**



सुनसरीको देवानगञ्ज गाउँपालिका-३, कप्तानगञ्जमा भएको हिंसात्मक घटनाको विरोधमा सोमबार काठमाडौंमा प्रदर्शन गरिएको छ । राष्ट्रिय एकता दल को आयोजनामा सम्पन्न प्रदर्शनमा सहभागीहरूले घटनाको निष्पक्ष छानबिन, दोषीमाथि कडा कारबाही र पीडितलाई न्यायको माग गर्दै सरकारलाई २४ घण्टे अल्टिमेटम दिएका छन् ।

प्रदर्शनपछि आयोजित कोणसभामा बोल्दै दलका नेताहरूले निर्धारित समयभित्र मागहरू सम्बोधन नभए राष्ट्रिय एकता दलका अध्यक्ष विनय यादव भोलिदेखि आमरण अनशनमा बस्ने घोषणा गरेका छन्। प्रदर्शनमा सहभागीहरूले हातमा विभिन्न प्लेकार्ड र ब्यानर बोकेर सरकारको ध्यानाकर्षण गराएका थिए। उनीहरूले सुनसरीमा भएको घटनाले धार्मिक सहिष्णुता, नागरिक सुरक्षा तथा कानुनी शासनमाथि गम्भीर प्रश्न उठाएको भन्दै सरकारले तत्काल प्रभावकारी कदम चाल्नुपर्ने धारणा राखेका थिए । वक्ताहरूले पीडित परिवारलाई न्याय दिलाउन ढिलाइ गर्न नहुने र घटनाको सत्यतथ्य सार्वजनिक गरी दोषीलाई कानुनी दायरामा ल्याउन सरकार प्रतिबद्ध हुनुपर्ने बताएका थिए । प्रदर्शनका क्रममा आयोजकले सरकारसमक्ष आफ्ना मुख्य मागहरू पनि सार्वजनिक गरेका छन्। उनीहरूले मृतकलाई शहिद घोषणा, धाईतेलाई पुर्ण उपचार, जिहादीलाई फासी दिने कानुन, रोहिङ्या र बङगाली शरणार्थीलाई तत्काल देश निकाला, मुस्लिम आरक्षणा खारेजी तथा मुस्लिम आयोगको बिघटन गर्न सरकारसँग माग गरेका छन् । यी मागहरू तत्काल सम्बोधन गर्नुपर्ने भन्दै सरकारले बेवास्ता गरे आन्दोलनलाई थप सशक्त बनाइने चेतावनी पनि दिइएको छ । कोणसभामा बोल्ने वक्ताहरूले सुनसरी घटनाको निष्पक्ष छानबिनका लागि उच्चस्तरीय अनुसन्धान समिति गठन गर्न, दोषीमाथि कानुनबमोजिम कडा कारबाही गर्न तथा पीडित परिवारलाई उचित राहत र क्षतिपूर्तिको व्यवस्था गर्नुपर्नेमा जोड दिएका थिए। उनीहरूले राज्यले कुनै पनि घटनामा पक्षपात नगरी कानुनको समान कार्यान्वयन गर्नुपर्ने र यस्ता घटनाले समाजमा असुरक्षा र अविश्वास बढाउने भएकाले सरकारले गम्भीरतापूर्वक लिनुपर्ने बताएका थिए। प्रदर्शनपछि राष्ट्रिय एकता दलले सरकारलाई २४ घण्टे अल्टिमेटम दिएको छ । दलका अनुसार तोकिएको समयभित्र आफ्ना मागहरूप्रति कुनै ठोस निर्णय वा पहल नभए पार्टीका अध्यक्ष विनय यादव भोलिदेखि आमरण अनशनमा बस्नेछन्। साथै, त्यसपछि पनि माग सम्बोधन नभए देशव्यापी आन्दोलनका थप कार्यक्रम घोषणा गरिने चेतावनी दिइएको छ। प्रदर्शन शान्तिपूर्ण रूपमा सम्पन्न भएको थियो । प्रदर्शनका क्रममा सुरक्षा व्यवस्था कडा पारिएको थियो भने कुनै अप्रिय घटना नभएको जनाइएको छ। यद्यपि प्रदर्शनमा उठाइएका मागहरू तथा आयोजकले दिएको २४ घण्टे अल्टिमेटमबारे सम्बन्धित सरकारी निकायबाट समाचार तयार पार्दासम्म कुनै औपचारिक प्रतिक्रिया सार्वजनिक भएको छैन ।

## जानकी मन्दिरको परम्परा तथा धार्मिक मर्यादा विपरीत गतिविधि गरेको आरोप




**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, १३ श्रावण**

जानकी मन्दिरका महन्त रामतपेश्वर दास वैष्णवले आफ्ना दुई शिष्य रामरोशन दास र मनोज दासलाई मन्दिरको परम्परा तथा धार्मिक मर्यादा विपरीत गतिविधि गरेको आरोप लगाउँदै पूजापाठ तथा धार्मिक कार्यबाट बहिष्कार गरेका छन् । बुधबार एक भिडियो सन्देश जारी गर्दै महन्त दासले गुरु पूर्णिमाको अवसरदेखि दुवै शिष्यलाई वैष्णव परम्पराबाट अलग गरिएको जानकारी दिएका हुन् ।

उनले मनोज दासले वैष्णव परम्परा त्यागेर कबिर धर्म अपनाएको र रामरोशन दासले आफू महन्तको शिष्य नभई न्यायाधीशको शिष्य भएको अभिव्यक्ति दिँदै आएको आरोप लगाए । महन्त दासले मन्दिरको धार्मिक परम्परा, आश्रमको मर्यादा तथा गुरु-शिष्य सम्बन्धको मान्यता विपरीत गतिविधि गरेकाले दुवैलाई पूजापाठ तथा मन्दिरका धार्मिक कार्यमा संलग्न हुन नदिने निर्णय गरिएको बताएका छन् ।

साथै, रामरोशनलाई न्यायाधीशले कुन धर्म र कुन मन्त्र दिएका हुन् भन्ने विषय सम्बन्धित व्यक्तिले नै स्पष्ट गर्नुपर्ने उनको भनाइ छ। जानकी मन्दिरमा महन्त नियुक्तिको प्रक्रिया अघि बढेसँगै महन्त रामतपेश्वर दास र उत्तराधिकारी महन्तका रूपमा चिनिएका रामरोशन दासबीचको विवाद सार्वजनिक रूपमा चर्किएको हो। रामरोशन दासले आफूलाई मुख्य महन्तका रूपमा स्थापित गर्ने प्रयास गरिरहेका बेला महन्त दासले भने पद नछाड्ने अडान लिएका छन् ।यसअघि उत्तराधिकारी सम्बन्धी विवाद अदालतसम्म पुगेको थियो ।

अदालतबाट सफाइ पाएपछि रामरोशन दास पुनः मुख्य महन्तको दाबेदार बनेका छन्। सोही पृष्ठभूमिमा गुठी संस्थानले महन्त नियुक्तिको प्रक्रिया अघि बढाएको स्रोतहरूको भनाइ छ । सर्वोच्च अदालतले गुरु-शिष्य परम्पराका आधारमा नभई 'पुजारीलगायत जनशक्ति व्यवस्थापन निर्देशिका, २०७७' अनुसार महन्त नियुक्ति गर्न आदेश दिएपछि गुठी संस्थानले नयाँ नियुक्ति प्रक्रिया अगाडि बढाएको हो । यससँगै जानकी मन्दिरको नेतृत्वलाई लिएर देखिएको विवाद थप गहिरिने देखिएको छ ।


## इलेक्ट्रिक चुरोट (भेप) को प्रयोग नगरौं

- इलेक्ट्रिक चुरोट सुरक्षित विकल्प हो भन्ने भ्रमबाट बचौं,
- निकोटिनयुक्त पदार्थले स्वास्थ्यमा पार्ने असरबारे सचेत बनौं,
- बालबालिका तथा युवालाई इलेक्ट्रिक चुरोटको आकर्षणबाट जोगाऔं,
- धूम्रपान तथा निकोटिनजन्य पदार्थको प्रयोगबाट टाढा रहौं,
- इलेक्ट्रिक चुरोटको प्रयोग र लतबाट बचौं,
- परिवार र समाजमा धूम्रपानमुक्त वातावरण निर्माण गरौं ।

**स्वस्थ जीवनशैली र सकारात्मक बानीको विकास गरौं**

नेपाल सरकार
**विज्ञापन बोर्ड**




# महाभियोगको चर्चाले माहोल तताए

यतिबेला सर्वोच्च अदालतका तीन न्यायाधीश विरुद्ध 'महाभियोग' लगाउने योजनामा सत्तारूढ दलहरू रहेको भन्ने अपुष्ट चर्चाले न्यायिक तथा राजनीतिक वृत्त तताएको देखिन्छ। यद्यपि, महाभियोगका विषयमा न सत्तारूढ दलले मुख खोलेको छ, न त सरकारले नै । सत्तारूढ गठबन्धनसँग महाभियोग पारित गर्न आवश्यक पर्ने दुई तिहाइ बहुमतका लागि केही मत अपुग रहेका छन । तैपनि, आफूलाई चित्त नबुझेका न्यायाधीश वा संवैधानिक अंगका पदाधिकारी विरुद्ध साना दलसँग सहकार्य गर्दै महाभियोग ल्याउन सक्ने सम्भावना भने यथावत् रहेका छन । जसरी महाभियोगको चर्चाले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्र तातेका छन, त्यसरी नै सत्तारूढ दलभित्र यसबारे ठोस गृहकार्य भइरहेको देखिन्न (भूमिगत गृहकार्य भएको भए बेग्लै कुरा) । अन्तर्राष्ट्रिय मानवअधिकार संस्थाहरू– एमनेस्टी इन्टरनेसनल, ह्युमन राइट्स वाच र आईसीजेले सर्वोच्च अदालतका तीन न्यायाधीशलाई राजीनामा दिन दबाब दिएर सरकारले स्वतन्त्र न्यायपालिकालाई 'खतरा' मा पारेको टिप्पणी सहित विज्ञप्ति जारी गरेसँगै यो प्रसंगले थप उचाइ लिएको देखिन्छ ।

अन्तमा नेपालको संविधानले राज्यका तीन अंग (व्यवस्थापिका, कार्यपालिका र न्यायपालिका) बीच शक्ति पृथकीकरण र शक्ति सन्तुलनको सिद्धान्तलाई अंगीकार गरेका छन । कुनै न्यायिक निर्णय सरकारका पक्षमा आएन भन्दैमा महाभियोग लगाउँदै जाने हो भने न्यायपालिकालाई राजनीतिक प्रभावबाट मुक्त राख्ने पद्धति गिजोलिन पुग्ने देखिन्छ ।

# गुरु पूर्णिमा र व्यास जयन्ती पर्व धुमधामले मनाईयो

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, १३ श्रावण**

श्रावण १३ गते अर्थात तिथिका आधारले गणना गर्दा आषाढ शुक्ल पूर्णिमा । हरेक वर्ष आजकै दिन मनाइने यो पर्व हिन्दु, बौद्ध र जैन धर्मावलम्बीहरूका लागि विशेष धार्मिक, सांस्कृतिक तथा आध्यात्मिक महत्व बोकेको पर्व हो ।

गायत्री मन्त्र, धर्मशास्त्र, वेद मन्त्र सुनाउने र आधारभूत शिक्षा तथा उच्च शिक्षा दिने र जन्मदेखि मृत्यु नहुँदासम्म संस्कार सिकाउने गुरुजनहरूलाई नमन गर्ने, पूजा गर्ने, सामाजिक सञ्जाल तथा टेलिफोनको माध्यमबाट सम्झदै कृतज्ञता प्रकट वा सम्मान गर्दै आर्शीवाद लिने मुख्य पर्वका रूपमा गुरुपूर्णिमा पर्व



मनाइछ । 'गु' को अर्थ अन्धकार र 'रु' भन्नाले प्रकाश बुझिन्छ ।

अज्ञानतालाई चिर्ने वा अन्धकारको नाश गरि ज्ञानरुपी प्रकाशले सही मार्गनिर्देश गर्ने व्यक्तिलाई गुरु भनिने तन्त्रशास्त्र र धर्मशास्त्रका पुस्तकमा उल्लेख गरिएको छ । सनातन धर्मका उपनिषद् , भगवद्गीता, गूरुगीता, बिभिन्न पुराण तथा शास्त्रमा गुरुको अपरिहार्य महत्त्व स्पष्ट रूपमा उल्लेख गरिएको छ । मुण्डक उपनिषद्मा तद्विज्ञानार्थं स गुरुमेवाभिगच्छेत् अर्थात परम ज्ञान प्राप्त गर्न योग्य गुरुको शरणमा जानु पर्छ। भगवद्गीता ४:३४ मा भगवान् कृष्ण भन्नुहुन्छ तद्विद्धि प्रणिपातेन परिप्रश्नेन सेवया । उपदेक्ष्यन्ति ते ज्ञांन ज्ञानिनस्तदर्शिन: ॥ अर्थात विनम्रता, सेवा र जिज्ञासामार्फत गुरुबाट ज्ञान प्राप्त हुन्छ ।

अज्ञानता र अन्धकारको नाश गरी जीवनमा उज्यालो फैलाउने व्यक्तित्वलाई नै गुरु भनिन्छ । गुरुलाई हाम्रो धर्मशास्त्रले ब्रह्मा, विष्णु र महेश्वरका रूपमा समेत मानेको छ। हिन्दु संस्कारमा पहिलो गुरु माता पिता हुन् । माता पिता पछि शिक्षा दिने र संस्कार सिकाउन गुरुलाई पनि देवता समान मानी 'आचार्यदेवो भव:' भनिन्छ ।

# पुल निर्माणमा भएको ढिलाइले स्थानीयवासीलाई सास्ती

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, १३ श्रावण**

दुधमति खोलाको पुल निर्माणमा भएको ढिलाइले स्थानीयवासीलाई सास्ती पुगेको छ। धनुषाको ढल्केबर-जनकपुर-जटही ६ लेन सडकखण्डअन्तर्गत जनकपुरधामस्थित दुधमति खोलामा निर्माणाधीन पुल लामो समयदेखि अलपत्र हुँदा स्थानीयवासी तथा यात्रु सास्ती खेप्न बाध्य छन् ।

जनकपुरधामलाई भारतको जटही नाकासँग जोड्ने रणनीतिक मार्गको महत्त्वपूर्ण संरचना हो, उक्त पुल। स्थानीय सुबोध नायकले लामो समयदेखि पुल निर्माणको काम अलपत्र परेको बताए । जनताले पुल छिट्टै तयार हुने अपेक्षा गरे पनि निर्माणले गति लिन नसक्दा नागरिकमा निरासा बढेको छ। निर्माणकार्य अधुरो रहँदा जनताका अपेक्षा पूरा हुन सकेन । निर्माण ठेक्का २०७६ साल जेठ २५ गते नागार्जुन हेम जेभीसँग भएको थियो । निर्माण लागत रु १३ करोड ९५ लाख ६४ हजार ३३८ मा सम्झौता भएको हो। सडक डिभिजन कार्यालय जनकपुरधामले २०८२ माघ १७ गते पुल निर्माण सम्पन्न गर्नेगरी सम्झौता भएको जानकारी दिएको छ । पुल निर्माणमा भएको




ढिलाइका कारण सडक डिभिजन कार्यालय जनकपुरधामले नागार्जुन हेम जेभीसँगको ठेक्का सम्झौता तोडेको प्रमुख इन्जिनियर दारोगा प्रसादले बताए। ढल्केबर-जनकपुर-जटही ६ लेन सडक मधेस प्रदेशकै महत्त्वपूर्ण सडक आयोजना हो । भारतसँगको व्यापार, धार्मिक पर्यटन तथा स्थानीय आवागमनलाई सहज बनाउने उद्देश्यले पुलको निर्माण थालनी गरिएको थियो ।





अनुरोधकर्ता
लक्ष्मीनियां गाउँपालिकाको कार्यालय
धनुषा, मधेश प्रदेश


## तपाईको टुडे

मेष: मनमा पछुतो आउने
वृष: विचार गरेर बोल्नुहोला
मिथून: अनावश्यक चिन्ता
कर्कट: अशुभ समाचार प्राप्त हुने
सिंह: लामो यात्राको योग छ
कन्या: पढाईमा ध्यान दिनुपर्ने
तुला: शुभ कार्यको शुरुवात
वृश्चिक: मित्रतामा फाटो आउने
धनु: अनावश्यक खर्चको संभावना
मकर: खानपानमा समस्या आउने
कूम्भ: पिछडेको साथी मिल्ने
मीन: आम्दानी हुने

## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा**

## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्बरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : नि:शुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# मानहानि क्षतिपूर्ति फैसला उल्ट्याउन सर्वोच्च अदालतलाई ट्रम्पको अपिल



जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १३ श्रावण

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले लेखिका तथा पत्रिकाकी पूर्वस्तम्भकार ई. जिन क्यारोलको पक्षमा आएको ८ करोड ३३ लाख अमेरिकी डलरको मानहानि क्षतिपूर्ति फैसला उल्ट्याउन अमेरिकी सर्वोच्च अदालतमा पुनः अपिल गरेका छन् ।

ट्रम्पका वकिलहरूले राष्ट्रपति पदमा रहँदा दिएका सार्वजनिक अभिव्यक्तिहरू राष्ट्रपतिको आधिकारिक कार्यको दायराभित्र पर्ने भएकाले उनीमाथि व्यक्तिगत रूपमा मुद्दा चलाउन नमिल्ने दाबी गरेका छन् । उनीहरूले सन् २०२४ मा अमेरिकी सर्वोच्च अदालतले राष्ट्रपतिलाई पदमा रहँदा गरेका आधिकारिक कार्यका सम्बन्धमा व्यापक कानुनी उन्मुक्ति दिएको निर्णयलाई आफ्नो अपिलको मुख्य आधार बनाएका छन् ।

ट्रम्पका कानुनी टोलीले सर्वोच्च अदालतमा बुझाएको निवेदनमा, 'अमेरिकी इतिहासमा पहिलो पटक कुनै अदालतले राष्ट्रपतिले पदमा रहँदा गरेको व्यवहारका लागि क्षतिपूर्ति तिर्न आदेश दिएको छ,' भन्दै अपिल अदालतले राष्ट्रपतीय उन्मुक्ति लागु हुन्छ वा हुँदैन भन्ने विषयमा पर्याप्त निर्णय नगरेको तर्क गरेको छ । ट्रम्पले अदालतलाई दिएको निवेदनमा यो फैसला कायम रहे वर्तमान मात्र होइन, भविष्यका राष्ट्रपतिहरूका लागि पनि गम्भीर कानुनी असर पर्ने दाबी गरिएको छ । राष्ट्रपतीय उन्मुक्तिको दाबीसँगै ट्रम्पले यस मुद्दामा व्यक्तिगत रूपमा आफूलाई होइन, अमेरिकी सरकारलाई प्रतिवादी बनाउनुपर्ने माग पनि गरेका छन् । उनका वकिलहरूका अनुसार ट्रम्पले सन् २०१९ मा ह्वाइट हाउसबाट जारी गरेको विज्ञप्ति तथा पत्रकारहरूको प्रश्नको जवाफ दिँदा राष्ट्रपतिको हैसियतमा आफ्नो कार्यक्षमतामाथि उठेका आरोपको प्रतिरक्षा गरेका थिए । त्यसकारण ती अभिव्यक्तिका लागि व्यक्तिगत रूपमा ट्रम्पलाई क्षतिपूर्ति तिर्न लगाउनु उचित नहुने उनीहरूको तर्क छ ।

ई. जिन क्यारोलका वकिलहरूले ट्रम्पको नयाँ अपिलबारे तत्काल कुनै प्रतिक्रिया दिएका छैनन् । यो अपिल केही साताअघि सर्वोच्च अदालतले ट्रम्पको अर्को निवेदन अस्वीकार गरेपछि आएको हो । उक्त मुद्दामा अदालतले ट्रम्पविरुद्ध आएको ५ मिलियन अमेरिकी डलर को फैसला पुनरवलोकन गर्न अस्वीकार गरेको थियो । त्यस मुद्दामा निर्णायक मण्डलले ट्रम्पले सन् १९९० को दशकमा न्यूयोर्कको एक डिपार्टमेन्ट स्टोरमा क्यारोलमाथि यौन दुर्व्यवहार गरेको र त्यसपछि उनको मानहानि गरेको निष्कर्ष निकालेको थियो ।

# करोडको व्यापारमा चार चलचित्र

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १३ श्रावण



नेपाली चलचित्रको घरेलु बजार वर्षको सुरुवातसँगै सुखद बनेको थियो । गत वर्ष 'पूर्णबहादुरको सारङ्गी' ले ऐतिहासिक व्यापार गरेसँगै नेपाली चलचित्रमा दर्शकको आकर्षण बढेको पाइन्छ । केही चलचित्रको व्यापारिक आँकडा कमजोर देखिए पनि ठुलो ब्यानरमा निर्माण भएका चलचित्रले सुखद व्यापार गरेका छन् ।

वर्षको सुरुवातमै प्रदर्शनमा आएको गुरुप्रसाद मैनालीको 'नासो' कथासङ्ग्रहमा सङ्गृहीत कथा 'परालको आगो' ले घरेलु बक्स अफिसमा उत्साहजनक व्यापार गरेको थियो । चलचित्र विकास बोर्डको तथ्याङ्क अनुसार चार करोड २८ लाखमाथिको व्यापार गरेको छ । लक्ष्मण सुनारको निर्देशनमा बनेको यस चलचित्रमा सौगात मल्ल, प्रकाश सपुत, सुहाना थापा, सिर्जना अधिकारी, शङ्कर आचार्य, ज्याक श्रेष्ठ, किशोर भण्डारी, सरिता भण्डारी, मन्जिला बानियाँलगायतका कलाकारको अभिनय देख्न सकिन्छ । सुशील देवकोटाको पटकथा तथा संवाद लेखन रहेको फिल्ममा श्रीमान्श्रीमतीको झगडालाई मुख्य विषयवस्तु बनाइएको छ । वैशाखदेखि असारसम्मको तीन महिनामा १४ नेपाली चलचित्र प्रदर्शनमा आए । यीमध्ये कमै चलचित्रले करोडको व्यापार गरेका छन् । कतिपय राम्रा भनिएका चलचित्रले प्रदर्शनको समय अनुकूल नमिल्दा पनि व्यापारमा घाटा सहनु पऱ्यो ।

यसै गरी विश्वकप फुटबल र बर्खायामले पनि नेपाली चलचित्रको व्यापार सोचे जस्तो हुन नसकेको फिल्मकर्मी बताउँछन् । वैशाख २५ बाट प्रदर्शनमा आएको चलचित्र 'लालीबजार' तीन महिनाको अवधिमा सबैभन्दा बढी कमाउने चलचित्र बनेको छ । यस चलचित्रले नौ करोड ३२ लाख नौ हजार ९२५ रुपियाँ ग्रस कलेक्सन गर्दै अहिलेसम्म वर्षकै सर्वाधिक सफल चलचित्र बनेको छ । यो चलचित्रले प्रदर्शनको ५१ दिन पूरा गरिसकेको छ । यसले आफ्नो लगानी सुरक्षित मात्र नभई, निर्मातालाई नाफासमेत दिलाएको छ । त्यस्तै करोड पार गर्ने जेठ १५ देखि प्रदर्शनमा आएको 'रोल नं. १' पनि बनेको छ । चलचित्रले गत आइतबारसम्म एक करोड ७८ लाख २३ हजार ९०८ रुपियाँ ग्रस कलेक्सन गरेको छ । चलचित्रले पनि सफलतापूर्वक ५१ औं दिन पनि पूरा गरेको छ ।












# पूर्वीय सभ्यताका स्रष्टा वेदव्यास र उनको जन्मस्थान



-पूर्वीय वा सनातन सभ्यताका स्रष्टा महर्षि वेदव्यास माघे सङ्क्रान्तिका दिन ऋषि पराशर र माता सत्यवतीका कोखबाट जन्मनु भएको भन्ने पाइन्छ । वेद र सबै महापुराणहरूमा वेदव्यासको जन्मस्थान तनहुँ, दमौलीको सेती र मादी नदीको दोभान (द्वैपायन दुई नदीको देभान, व्यास गुफामा) भएको पाइन्छ । महर्षि व्यासले श्रुतिका रूपमा रहेका वेदका ऋचाहरूलाई सङ्कलन गरी चार भागमा विभाजन गरी लिपिबद्ध गर्नु भयो । पूर्वीय वा सनातन सभ्यताका स्रष्टा महर्षि वेदव्यास माघे सङ्क्रान्तिका दिन ऋषि पराशर र माता सत्यवतीका कोखबाट जन्मनु भएको भन्ने पाइन्छ। जन्मँदा उहाँ कालो वर्णको र दुई नदीको दोभानमा जन्मेकाले उहाँलाई कृष्ण द्वैपायन भनिएको हो रे। दुई नदीको दोभानमा बयर घारीमा खेल्ने, खाने र बस्ने हुनाले उहाँलाई बादराँयण पनि भनिएछ । हाल चलिरहेको श्वेतबराह कल्पको २८औं द्वापरमा स्वयं महाविष्णु नै वेदव्यासका रूपमा अवतरण हुनु भएको कुरा पुराणहरूमा उल्लेख भएको पाइन्छ । यसै विषयमा पुराणहरूमा निम्न कुराहरू लेखेको पाइन्छ ।

शिवपुराण भाग २, सतरुद्र संहिता, पाँचौं अध्यायको श्लोक ४३ र ५८ मा व्यासका बारेमा यस्तो लेखिएको छ । ४३ श्लोकमा : अष्टाविंशे द्वापरे तु पराशर सुतो हरिः । यदा भविष्यति व्यासो नाम्ना द्धैपायनः प्रभु ॥ हाल चलिरहेको श्वेतबराह कल्पको २८औं द्वापरमा महाविष्णु पराशर ऋषिका पुत्रका रूपमा जन्मेर कृष्ण द्वैपायन नामक व्यास हुनेछन् । ५८ श्लोकमा : तत्रश्रुति समूहानं विधान ब्रभलक्षणम् । भविष्यति तदा कल्पे कृष्ण द्धैपायनो यदा ॥ यो श्वेतबराह कल्पमा जब कृष्ण द्वैपायन व्यास होलान् श्रुति लक्षण समुहका ब्रभलक्षण सम्पन्न हुनेछन् । विष्णु पुराण : अध्याय ३ श्लोक १९ र २० जातुकर्णोऽभवन्ममत्तः कृष्णद्वैपायन स्ततः । अष्टाविंशतिरित्येते वेद व्यासाः पुरातनाः ॥ १९ भविष्ये द्वपरेचापि द्रौणिर्व्यासो भविष्यति । व्यातिते मम पुत्रेऽस्मिन कृष्णद्वैपायनो मुने ॥ २० वेद र सबै महापुराणहरूमा वेदव्यासको जन्मस्थान तनहुँ, दमौलीको सेती र मादी नदीको दोभान (द्वैपायन दुई नदीको देभान, व्यास गुफामा) भएको पाइन्छ । यो कुराले हामी हिन्दु सनातनी ओमकार परिवारका लागि यो व्यास गुफा पवित्र तीर्थस्थल मानिन्छ। हरेक मन्मन्तर र हालको वैवश्य मन्मन्तरका २८औं द्वापरमा महाविष्णु नै व्यासका रूपमा अवतरित हुनु हुन्छ र वेदलाई विभाजन र पुराणहरूको रचना गर्नेछन् भनिएको रहेछ ।

विष्णुका २४ अवतार मध्ये २१ औं अवतार (१० अवतार साक्षात् रूप र बाँकी १४ लीलावतार) मा वेद र पुराणहरूको रचनाका लागि स्वयं महाविष्णु वेद व्यासको रूपमा जन्म भएको हो भनिएको छ। स्कन्द पुराण : स्कन्द पुराणको मानस खण्ड (साराँस पेज ४२) मा पनि हरेक २८ औं द्वापरको अन्त्यमा स्वयं महाविष्णु व्यासका रूपमा अवतरण हुनेछन् भनिएको छ । माथिका यी सबै कुराबाट वेदव्यास स्वयम् विष्णु नै भएको प्रमाणित हुन्छ। महर्षि व्यासले के काम गरे ? वेदव्यासले श्रुतिका रूपमा रहेका वेदका ऋचाहरूलाई सङ्कलन गर्नुका साथै चार भागमा विभाजन (ऋग्वेद, सामवेद, यजुर्वेद र अथर्व वेद) गरी लिपिबद्ध गर्नु भयो भन्ने पाइन्छ।

यसै गरी वेदहरूको सार मानिने उपनिषादहरू मध्ये धेरै उपनिषद वेदव्यासले रचना गरेको पनि भनिन्छ। उहाँले महापुराण-१८, उपपुराण-१८, औपपुराण-१८ गरी ५५ वटा पुराण, महाभारत (गीता महाभारत शान्ति पर्व अध्याय ५९-६० बाट निकालिएको) र ब्रह्मसूत्र सबै पद्यमा लेख्नुभएछ । यसर्थ उहाँलाई महाकविका साथै सनातन धर्मका गुरु भनिएको छ।

व्यास जयन्ती तथा गुरु पूर्णिमाः महर्षि वेदव्यासले आषाढ पूर्णिमाको तिथिमा ज्ञान प्राप्त गर्नुको भन्ने भएकाले सो तिथिलाई नेपालभर व्यास जयन्ति तथा गुरु पूर्णिमाका रूपले मनाइने गरिएको छ। यस विषयलाई तलको श्लोकले पुष्टि गर्दछ। व्यास जन्म तिथौ माघी संक्रान्तौ स्मृतामाञ्जनः । व्यास जन्मोत्सवं यत्र कुरुते प्रतिवत्सरम् । ५६ कुनै विषयको विद्वानलाई व्यास भनिन्छ र त्यस्ता विद्वान बस्ने ठाउँलाई व्यासासन पनि भनिन्छ । यसैले उहाँलाई वेदव्यासका नामले सम्बोधन गरिएको हो भनिन्छ। प्रायः सबै महापुराणहरूमा गुरु वेदव्यसका बारेमा केही न केही लेखिएकै पाइन्छ। यहाँ ती सबै कुरा राख्न सम्भव हुँदैन। त्यसर्थ यस लेखमा गुरु पूर्णिमाको सन्दर्भलाई लिएर महर्षि व्यासको जन्म र कर्मका बारेमा उल्लेख भएका कुरामात्र चर्चा गर्ने कोसिस गरिएको छ ।

वेदव्यासको जन्मस्थानः महाभारतको आदि पर्वमा यमुना नदीको द्वीप (टापु) मा महर्षि वेदव्यास जन्मेको कुरा उल्लेख छ भनी भारतका पत्रपत्रिका वा सरकारी अधिकारीहरू नै पनि प्रचार प्रसार गरिरहेको पाइन्छ। समय समयमा गौतम बुद्धको, रामको र पार्वतीको जन्मस्थल र सगरमाथा पनि भारतमै भएको भनी कुप्रचार गरिरहेका छन् ।

यसो भन्नु भारतका पत्रपत्रिका वा सरकारी अधिकारीहरूको नियति नै देखिएको छ। पुराणहरूमा उल्लेख भएका भौगोलिक तथा सांस्कृतिक प्रमाणहरूले महर्षि वेदव्यासको जन्म भारतको यमुना नदीको द्वीपमा भएको भन्ने कुरा पुष्टि गरेको पाइँदैन । वेद र सबै महापुराणहरूमा वेदव्यासको जन्मस्थान तनहुँ, दमौलीको सेती र मादी नदीको दोभान (द्वैपायन दुई नदीको देभान, व्यास गुफामा) भएको पाइन्छ। यो कुराले हामी हिन्दु सनातनी ओमकार परिवारका लागि यो व्यास गुफा पवित्र तीर्थस्थल मानिन्छ ।

यसै शिलशिलामा नेपाल सरकारले वि.सं. २०७४ सालमा व्यास क्षेत्र विकास कोष स्थापना भएको छ र सो कोषको अगुवाइमा १०८ फिट अग्लो व्यासको मूर्ति बनाउन सुरु गरिएको छ। यसर्थ यस लेखमा गुरु महर्षि वेदव्यासको जन्म नेपालको तनहुँ व्यास गुफामा भएको भौगोलिक र सांस्कृतिक प्रमाणहरूका बारेमा छलफल गरिएको छ। भौगोलिक प्रमाणहरू: १. शुक्लयजुर्वेद संहिता वाजसेनिय माध्यन्दिय शाखाको अध्याय २६ को १५ कण्डिकामा यसो भनेको पाइयो। उपबरे गिरिणा भ सङ्गमे च नदीनाम्। धिया विप्प्रोऽअजायत ॥ जस अनुसार पाहाडका निकटबर्ति कन्दरामा बहेकी दुई नदीको संगम वा दोभानमा श्रीमन्नारायण प्रभुले आफ्नु दिव्य बुद्धिद्धारा विद्वान ब्राभणविग्रहमा अवतार लिनुभयो- भनिएको छ।

यस कण्डिकाले स्थान विशेषको नाम त किटेन तर भौगोलिक अवस्थिति भने दर्शायको छ । जस अनुसार शुक्लागण्डकी र मादीनदीको संगम यस्तै छ । २. द्वैपायनः वेदव्यासलाई कृष्ण द्वीपायन भनेको छैन द्वैपायन भनेको छ ।

**साभार : रातोपाटी ।**


"पत्र-पत्रिकाहरूको कम्प्युटर सेटिङ्ग गर्नका लागि हामीलाई सम्झनुहोस ।"



सम्पर्क -: दिलीप कुमार साह :-
मो.नं.-९८४४०५१४८७ (जनकपुरधाम)
एकचोटी सेवाको मौका अवश्य दिनुहोला




अनुरोधकर्ता
बलवा नगरपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश




अनुरोधकर्ता
शहिदनगर नगरपालिकाको कार्यालय
धनुषा, मधेश प्रदेश




अनुरोधकर्ता
रामगोपालपुर नगरपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश


प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिन्टर्स, प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday